आज मिति २०७७/०१/०३ गते बुधवारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| नाम थर | पद |
|---|---|
| श्री फेन्चोक छेमेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |
| श्री न्होरु गुरुङ | कार्यबाहक आध्यक्ष वडा नं. २ |

अन्य उपस्थिति

| | |
|---|---|
| खगेन्द्र बोहरा | लेखा |
| मन बहादुर साकी | अ.सव-इन्जिनियर |
| उमेश दाहाल | प्रशासन सहायक |
| सुदर्शन पौडेल | कानुन अधिकृत |

प्रस्ताव नं. १ : स्थानीय तह प्रकोप व्यबस्थापन कोष संचालन सम्बन्धमा ।

प्रस्ताव नं. २ : लकडाउनका कारण घर फर्किन नसकेका वारागुङबासीलाई गाउँमा फिर्ता ल्याउने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : आगामी आ.व. को नीति तथा कार्यक्रम निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं. ४ :कृषि सेवाका कर्मचारी माग गर्ने सम्बन्धमा

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना (Covid-19) भाइरसलाई नियन्त्रण गर्न तथा यसले निम्त्याएको असहज परिस्थितिलाई सामना गर्नको लागि र भविष्यमा समेत आइपर्ने बिपतलाई मध्यनजर गर्दै महालेखा नियन्त्रक कार्यालयको मिति २०७६/१२/२७,च.नं. २०१ को पत्र बमोजिम " **स्थानीय तह प्रकोप व्यबस्थापन कोष** " स्थापना गर्ने निर्णय गरियो ।उक्त कोषमा गाउँपालिकाको तर्फबाट आ.ब.२०७६/०७७ को कोशेली घर निर्माण शिर्षकमा रहेको २५,००,०००/- रकमान्तर गर्ने र उक्त कोषमा सहयोग गर्नको लागि सार्वजनिक रुपमा सबैलाई अपिल गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा लकडाउनका कारण घर फर्किन नसकेका तर फर्किन चाहेका,साथै गाउँपालिकामा आएपछि पालिकाले स्थापना गरेको क्वारेन्टाइनमा अनिवार्य १४ दिन बस्न सहमत हुने बारागुङ्बासीको विवरण वडा कार्यालय मार्फत संकलन गर्ने र निजहरुलाई घर फर्काउनको फर्किनको लागि सम्बन्धित निकायहरुसँग समन्वय एबम पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा छलफलको लागि पेश भए बमोजिम चालु आ.ब. ०७६/७७ को नीति तथा कार्यक्रममा केहि सामान्य संसोधन एबम थप गरी आगामी आ.ब. ०७७/७८ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकामा कृषि सेवाका कर्मचारी स्थायी रुपमा पदपूर्ति नहुँदा कार्यसम्पादनमा असहज भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/१२/२४,च.नं. ४९८ को कर्मचारी माग गर्ने पत्रानुसार यस गाउँपालिकाको लागि कृषि सेवाका पाँचौं तहका दुई र चौथो तहका दुई जना कर्मचारी माग गर्ने निर्णय गरियो ।